विरुवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
विरुवा, स्याङ्जा
गण्डकी प्रदेश, नेपाल
२०७३

आर्थिक वर्ष : २०८१/८२
बैठक संख्या :५

आज मिति २०८१/०८/१८ गतेका दिन विरुवा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयमा गाउँ कार्यपालिकाका अध्यक्ष श्री सूर्य बहादुर कुँवर ज्यूको अध्यक्षतामा वसेको कार्यपालिकाको बैठकबाट निम्न अनुसारको उपस्थितिमा तपसिल बमोजिमको निर्णय गरियो ।

उपस्थिति:

श्री सूर्य बहादुर कुवँर अध्यक्ष
श्री भगवती शर्मा उपाध्यक्ष
श्री राजेन्द्र कुमार के.सी. सदस्य
श्री नोम बहादुर गुरुङ सदस्य.
श्री मनुकुमारी राना सदस्य
श्री मुक्त बहादुर गुरुङ सदस्य
श्री ङन बहादुर थापा सदस्य
श्री कृष्णबहादुर क्षेत्री सदस्य
श्री मेखराज गुरुङ सदस्य
श्री नविन कुमार आले सदस्य
श्री कुशुम देवी शर्मा श्रेष्ठ सदस्य
श्री र माया गुरुङ सदस्य
श्री दुर्मा देवी थापा सदस्य
श्री इन्दिरा पोखेल सदस्य
श्री पाल सिं विश्वकर्मा सदस्य
श्री कोपिला वि.क. सदस्य
श्री भेषराज आचार्य सदस्य सचिव प्र.प्र.अ.

अन्य उपस्थिति

श्री पिताम्बर पोखेल प्रशासकीय अधिकृत
श्री दिपक ढुङ्गाना बरिष्ठ प्रशासन सहायक
श्री शंकर चापागाई आर्थिक प्रशासन शाखा प्रमुख
श्री सन्तोस पौडेल कार्यालय सहयोगी

CamScanner

विरुवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
विरुवा, स्याङ्जा
गण्डकी प्रदेश, नेपाल
२०७२

मिति :२०८१/०८/१८

**प्रस्ताव नं. १**

चालु आ.व. २०८१/८२ को प्रथम चौमासिक सम्मको योजना तथा कार्यक्रम कार्यान्वयन र सेवा प्रवाहको समिक्षा सम्बन्धमा।

**निर्णय नं. १**

विरुवा गाउँपालिकाको चालु आ.ब. २०८१/८२ को बार्षिक बजेटमा समावेश योजना तथा कार्यक्रमहरुको कार्यान्वयन तथा समग्र गाउँपालिकाको सेवा प्रवाह लगायतका प्रथम चौमासिक सम्मका क्रियाकलापहरुको विस्तृत समिक्षा गरी सकरात्मक पक्षहरुलाई निरन्तरता दिदै कमजोर पक्षहरुलाई सुधार गरी नतिजाउन्मुख र प्रतिफलमुखी सेवा प्रवाहमा जोड दिने सर्वसम्मतिले निर्णय गरियो।

**प्रस्ताव नं. २**

योजना सम्झौता सम्बन्धमा।

**निर्णय नं. २**

आ.व. २०८१/८२ को लागि स्वीकृत उपभोक्ता समितिमार्फत कार्यान्वयन हुने वार्षिक योजना तथा कार्यक्रम कार्यन्वयनका लागि २०८१ पौष १५ गतेभित्र योजना सम्झौता गरिसक्ने सर्वसहमतिले निर्णय गरियो।

**प्रस्ताव नं .३** खानेपानी मूल दर्ताका लागि स्वीकृती प्रदान गर्ने सम्बन्धमा।

**निर्णय नं. ३**

विरुवा गाउँपालिका कार्यालयमा खानेपानी मूल दर्ताका लागि रीतपूर्वक निबेदन पेश भई विरुवा गाउँपालिकाको खानेपानी मूल दर्ता तथा सरसफाई उपभोक्ता समिति कार्यविधि, २०७७ बमोजिम प्रक्रिया पुरा गरेका तपसिल खानेपानी मूल तथा सरसफाई उपभोक्ता समिति दर्ताका लागि स्वीकृती प्रदान गर्ने सर्वसम्मतिले निर्णय गरियो।

तपसिलः

- ईलेक्ट्रिक पम्प गोमाल्टु ग्रयावेटी लिफ्टिङ खानेपानी तथा सरसफाई उपभोक्ता समिति, विरुवा २, गोमाल्टु खानेपानी मूल

**प्रस्ताव नं .४** झोलुङ्गे पुल कार्यक्रमका लागि सम्झौता नविकरण सम्बन्धमा।

**निर्णय नं. ४**

विरुवा गाउँपालिका र अन्धाअन्धी सामुदायिक बिकास केन्द्र, स्याङ्जा बिच क्षेत्रगत झोलुङ्गे पुल कार्यक्रम संचालन गर्न भएको सम्झौताको समयावधि समाप्त भएको हुँदा पुन यस गाउँपालिका र उक्त संस्थाविच भएको सम्झौता नवीकरण गरी झोलुङ्गे पुलनिर्माणको कार्यक्रमलाई निरन्तरता दिने सर्वसहमतिले निर्णय गरियो।

...राज आचार्य
प्रमुख प्रशासकीय अधिकृत

**प्रस्ताव नं. ५**
**योजनाहरुको निर्माण समयावधी (म्याद) थप सम्बन्धमा।**
**निर्णय नं. ५**

विरुवा गाउँपालिका कार्यालयद्धारा बोलपत्र आव्हान गरी निर्माण कार्य अगाडी बढाईएका तर विविध कारणबश समयमै निर्माण कार्य सम्पन्न हुन नसकेका तपसिल योजनाहरुको निर्माण समयावधी (म्याद) उल्लेखीत समय सम्मका लागि थप गर्ने निर्णय सर्वसहमतीले अनुमोदन गरियो।

तपसिल :

१. सुरुङ क्वादी चिन्नेवास सडक स्तरोन्नती (UPGRADING AND MAINTENANCE OF SURUNG KWADI CHINNEBAS ROAD (Contract ID No. NCB/BRM/WORKS/007/2080-81))- २०८१ ~~चैत्र~~ फाल्गुण मसान्त सम्म

२. खानीखोला टार वस्ती संरक्षण (Khani Khola Taar Basti Protection Works (Contract ID No. NCB/BRM/WORKS/011/2080-81))- २०८१ फाल्गुण २० सम्म

**प्रस्ताव नं .६** आदिवासी जनजाती कार्यक्रम र दलित आयआर्जन कार्यक्रम कार्यान्वयन सम्बन्धमा।
**निर्णय नं. ६**

विरुवा गाउँपालिका कार्यालयबाट आ.ब. २०८१/८२ का बार्षिक योजना तथा कार्यक्रममा समावेश गरिएका लक्षित कार्यक्रमहरु आदिवासी जनजाती कार्यक्रम र दलित समुदाय आयआर्जन कार्यक्रम प्रति वडा रु ६२,५००/- का दरले कार्यक्रम छनौट गरी उपभोक्ता समिति, लक्षित समुदाय वा संघ संस्था मार्फत कार्यन्वयन प्रक्रिया अगाडी बढाउने निर्णय गरियो।

**प्रस्ताव नं. ७.** विविध ।

**निर्णय नं. ७.**

क. विरुवा गाउँपालिका कार्यलयद्धारा आ.व. २०८१/८२ मा कार्यान्वयन गरिने मुख्यमन्त्री नवप्रर्वतन कार्यक्रम अन्तर्गतको विधुतिय शुसासन कार्यक्रम कार्यान्वयनको लागि लागत अनुमान तयार गर्न आवश्यक पर्ने सूचना प्रविधि सम्बन्धी जनशक्तिहरुको न्युनतम योग्यता, अनुभव सहितको दररेट विरुवा गाउँपालिको आ.व. २०८१/८२ का लागि निर्धारित दररेट तथा जिल्ला दररेटमा समेत नभएकोले नेपाल सरकार संचार तथा सूचना प्रविधि मन्त्रालयद्धारा आ.व.

लेखराज आचार्य
प्रमुख प्रशासकीय अधिकृत

२०८०/८१ का लागि तयार गरेको दररेटलाई आधार मानी लागत अनुमान तयार गर्नका लागि स्वीकृती प्रदान गर्ने निर्णय गरियो।

ख. विरुवा गाउँपालिकाको बार्षिक बजेट तथा कार्यक्रममा समावेश फुटकर योजना शिर्षकको रकमबाट तपसिल योजनाहरुको निर्माण तथा मर्मत गर्ने निर्णय गरियो।

तपसिल :

भलडाँडा दम्सिदी कुलो मर्मत, विरुवा-५ — रु २५,०००/-

लेखराज आचार्य
प्रमुख प्रशासकीय अधिकृत

CamScanner